दैनिक

# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



**चिसो मौसममा सुरक्षित रहौं।**

**चिसो मौसममा:**

-तातो तथा न्यानो कपडा लगाऔं,

- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,

- घर तथा कोठा न्यानो बनाऔं,

- बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,

- न्यानो सिरक ओढेर सुत्ने गरौं, -जाडो मौसममा घाम तथा आगो ताप्ने गरौ, - चिसोमा हिँडडुल (मर्निङ्ग वाक) नगरौ,

-कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

**सावधानी अपनाऔं, स्वस्थ रहौं ।**

नेपाल सरकार विज्ञापन बोर्ड



वर्ष ३७ | अंक ३०७ | बुटवल | २०८२ मंसिर ०१ गते,सोमबार | नेपाल संवत ११४६ | Monday November 17, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


# किसानलाई मेसिनबाट आलु खेती गराउँदै फ्रेन्च फ्राइज उद्योग

**रुपन्देहीको उद्योगले कैलालीको टिकापुरमा पहिलोपटक प्लान्टर मेसिनबाट एक सय बढी किसानमार्फत् दुई सय बढी बिघामा व्यवसायिक आलु खेती गराउन सुरु गरेको छ। उद्योगले नेपालका २८ जिल्लाका करिब ३५ हजार किसानलाई उन्नत जातको आलु खेतीमा संलग्न गराई वार्षिक ३० हजार मेट्रिक टन आलु उत्पादन गर्ने लक्ष्य लिएको छ।**





**टिआर शर्मा**

*बुटवल*

नेपालकै पहिलो फ्रेन्च फ्राइज उद्योगले कैलालीको टिकापुरमा मेसिनबाट आलु रोप्ने प्रविधि भित्राएर वृहत्रुपमा व्यवसायिक खेती थालेको छ।

रुपन्देहीको शुद्धोधन गाउँपालिका मैनहियास्थित २ अर्ब लगानीको फस्ट च्वाइस फुड रुपन्देहीले टिकापुरमा एक सय बढी किसानमार्फत् दुईसय बिघामा पहिलोपटक प्लान्टर मेसिनबाट आलु खेती सुरु गराएको हो।

उद्योगलाई वाार्षिक ३० हजार मेट्रिक टन उन्नत जातको गुणस्तरीय आलु चाहिने भएकाले कन्ट्र्याक्ट फार्मिङ अवधारणाअनुसार किसानले उत्पादन गर्ने आलुको न्यूनतम समर्थन तोकी खरिदको सुनिश्चित गरेर व्यवसायिक आलु खेती गराएको हो।

भारतबाट ल्याएको प्लान्टर मेसिनले ८ घण्टामा ५० बिघामा आलु रोप्न सक्ने उद्योगका सञ्चालक कृष्ण पौडेलले बताए। भारतबाट ६ जना प्राविधिक समेत ल्याएर किसानलाई मेसिनबाट आलु रोप्ने तरिका समेत उद्योगले सिकाएको छ। मेसिनबाट आलु खेती गर्नका लागि एकै प्लटमा कम्तीमा १० बिघा खेत हुनुपर्ने प्राधान छ।

'किसानको उत्पादन लागत कम होस्, कृषि मजदुरको अभावले खेती प्रभावित नहोस् भनेर प्लान्टर मेसिन भित्राएका हौं,' पौडेलले भने-'मेसिनबाट रोप्दा गुणस्तरीय र बढी परिमाणमा आलु उत्पादन हुन्छ।'

उद्योगका फ्रेन्च फ्राइज अमेरिका, भारतलगायत देशमा निर्यात हुन सुरु भइसकेको गुणस्तरीय आलुको आपूर्ति सहज बनाउन किसानलाई आधुनिक प्रविधि, बिउ र मलमा सहयोग गरेर व्यवसायिक खेतीलाई प्रोत्साहन गरेको पौडेलले बताए।

कृषि मजदुरको अभाव झेल्नुपरेको अवस्थामा मेसिनबाट आलु रोप्दा किसानलाई धेरै राहत र सहज भएको टिकापुरको बान्नीगढी कृषि फार्मकी सञ्चालक अम्बिका कुँवरले बताइन्। कुँवर र पोष्टबहादुर खड्कासहितको टिमले उद्योगको प्राविधिक सहयोग लिएर वीरेन्द्र विद्या मन्दिर माविको २२ बिघा जग्गा लिजमा लिएर आलु खेती सुरु गरेको छ। 'उद्योगले मेसिन, बिउ, मल सबै दिएको छ, खेती गर्ने तरिका पनि सिकाएको छ,' कुँवरले भनिन्-'आलु जति धेरै फलाए पनि बजार मूल्यभन्दा प्रति केजी २-३ रुपैयाँ बढी दिने ग्यारेन्टी पनि गरेको हुँदा ढुक्क भएर व्यवसायिक खेती गरेका छौं।'

उद्योगले किसानको मनोबल उच्च हुने गरी सबै सहयोग गरेकाले व्यवसायिक आलु खेतीमा होमिएको खड्काले जनाए। मेसिनले आलु रोप्न पाउंदा लागत पनि कम भएको, कृषि मजदुर खोज्नुपर्ने झन्झट नभएको र छोटो समयमा धेरै जग्गामा खेती लगाउन सकिएको खड्काले बताए।

फ्याकल्टी अफ एग्रिकल्चर डिन कार्यालय टिकापुरका प्रमुख विष्णु अधिकारीले फ्रेन्च फ्राइज उद्योगले टिकापुरमा पहिलोपटक प्लान्टर मेशिन भित्राएर व्यवसायिक आलु खेतीलाई प्रवर्द्धन गरिरहेको जनाए। कलेजले उद्योगसँग सहकार्य गरेर टिकापुरमा आलु स्रोत केन्द्र स्थापना गर्ने तयारी भएको उनले बताए। कलेजका विद्यार्थीलाई आलु खेतीमा संलग्न गराई पढ्दै कमाउँदै कार्यक्रम व्यवहारमा लागू गर्ने, स्थानीय किसान, अभिभावक, कर्मचारीलाई उन्नत जातको आलु खेती र प्रविधि प्रदर्शन गराई व्यवसायिक खेतीमा प्रोत्साहन गर्ने उनले जनाए।

कलेजको स्वामित्वमा रहेको करिब ३० बिघा खेतलाई पनि व्यवसायिक आलु खेती गर्न लिजमा दिने तयारी भएको अधिकारीले बताए।

उद्योगले कैलालीमा मात्रै ४ हजार मेट्रिक टन आलु उत्पादन गराउने लक्ष्य राखेको छ। उद्योगले कैलालीका किसानलाई आलु खेतीको तालिम पनि दिएको छ।

उद्योगले आलु रोप्ने मेसिनसँगै आलु खन्ने मेसिन पनि भित्राउने तयारी गरेको छ।

नेपालका करिब ३० जिल्लाका ३५ हजार किसानलाई उन्नत जातको आलु खेती गराइरहेको उद्योगले चालु वर्षमा ३० हजार मेट्रिक टन आलु खरिद गर्ने लक्ष्य राखेको छ। वार्षिक ४० हजार मेट्रिक टन आलु प्रशोधन गरी फ्रेन्च फ्राइज उत्पादन गर्ने उद्योगको क्षमता रहेको छ। तराईका अन्य जिल्लाहरुमा पनि कैलालीको टिकापुरमा जस्तै मेसिनबाट आलु खेती विस्तार गर्ने तयारी रहेको उद्योगले जनाएको छ।

कन्ट्र्याक्ट फार्मिङलाई देशभर विस्तार गरी उद्योगलाई आवश्यक कच्चा पदार्थको आपूर्तिसँगै भविष्यमा आलुको निर्यात समेत गर्न सकिने पौडेल बताउँछन्। 'नेपालको हावापानीमा फलेको आलुका परिकार र आलु स्वादिष्ट हुने भएकाले विदेशमा समेत उच्च माग छ,' उनले भने-'राज्यको प्रोत्साहन हुने हो भने आलुमा देशलाई आत्मनिर्भर गराउन सकिन्छ।'

» *बाँकी ३ पेजमा*

### आजदेखि एनपिएल सुरु

## जनकपुर र काठमाडौं भिड्दै







बुटवल। दोस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल) आज सोमबारदेखि सुरु हुँदैछ। उद्घाटन खेलमा साबिक विजेता जनकपुर बोल्ट्स र काठमाडौं गोर्खाजले प्रतिस्पर्धा गर्नेछन्। यो खेल सोमबार दिउँसो ४ बजे सुरु हुनेछ।

एनपिएल दोस्रो सिजनका सबै खेल कीर्तिपुरस्थित त्रिवि मैदानमा दिउँसो र राति हुनेछन्। नेपाल क्रिकेट सङ्घ (क्यान)ले यस पटक दैनिक नौ हजार चार सय ५० टिकट बिक्री गर्ने जनाएको छ। पहिलो दिनको खेलको टिकट दुई दिन अगाडि नै बिक्री भइसकेको छ। क्यानका सचिव पारस खड्काले थप दर्शकलाई घरमै बसेर हेर्न अनुरोध गरेका छन्।

एनपिएल मङ्सिर १ देखि २७ गतेसम्म सञ्चालन हुने छ। एनपिएलमा लिग चरण, तीन वटा प्लेअफ र फाइनलसहित ३२ खेल हुनेछन्। उद्घाटनसँगै शनिबारका लागि टिकट मूल्य साधारणतर्फ पाँच सय र प्रिमियमतर्फ १५ सय रुपियाँ राखिएको छ। यसैगरी लिग चरण र अन्य दिनको खेलका लागि टिकटको मूल्य पाँच सय र एक हजार तोकिएको छ।

प्लेअफपछिका खेलका लागि जनरलतर्फ एक हजार र प्रिमियरतर्फ दुई हजार रुपियाँ राखिएको छ। क्यानले सिजनल टिकटको एकमुस्ट मूल्य १५ हजार रुपियाँ तय गरेको छ।

एनपिएलमा साविक विजेता जनकपुरसँगै साविक उपविजेता सुदूरपश्चिम रोयल्स, कर्णाली याक्स, पोखरा एभेन्जर्स, विराटनगर किंग्स, चितवन राइनोज, काठमाण्डु गुर्खाज र लुम्बिनी लायन्स गरेर आठ फ्रेन्चाइज टोलीले प्रतिस्पर्धा गर्दैछन्। क्यानले दोस्रो संस्करणको एनपिएलबाट ४० करोड रुपियाँ आम्दानी गर्ने लक्ष्य राखेको छ।

## निर्वाचन सुरक्षा योजना पारित, सेना परिचालन हुने

बुटवल। केन्द्रीय सुरक्षा समितिको बैठकले एकीकृत निर्वाचन सुरक्षा योजना २०८२ पारित परेको छ। गृहमन्त्रालयका प्रवक्ता तथा सह-सचिव आनन्द काफ्लेका अनुसार बैठकले उक्त निर्णय पारित गरेको हो।। मुख्यतः निर्वाचनको तयारीमा केन्द्रित रहेको केन्द्रीय सुरक्षा समितिले पारित गर्दै निर्वाचन सुरक्षामा ध्यान दिएको छ।

यसअघि ९ असोजको केन्द्रीय सुरक्षा समिति बैठकले गृहमन्त्रालयका सहसचिवको संयोजकत्वमा एकीकृत निर्वाचन सुरक्षा योजना २०८२ तर्जुमा गर्नका लागि कार्यदल गठन गरेको थियो।

यो कार्यदलमा सुरक्षा निकायमा प्रतिनिधिहरू समेत थिए। यसको संयोजक सह-सचिव काफ्ले थिए। काफ्लेले बुझाएको उक्त प्रतिवेदन गृहमन्त्री ओमप्रकाश अर्याल संयोजक रहेको केन्द्रीय सुरक्षा समितिले पास गरेको हो। यो सुरक्षा योजनामा निर्वाचनको अवधिमा सुरक्षा निकायहरू कसरी परिचालन हुने भन्नेबारे उल्लेख छ। सुरक्षाका प्लानलाई तीन तहमा विभाजन गरिएको छ।

निर्वाचन पूर्वको अवधि, निर्वाचनको अवधि र निर्वाचनपश्चात्को अवधि गरी तीन चरणमा सुरक्षा बाँडिएको छ। उक्त अवधिमा कसरी कस्तो सुरक्षा योजनामा काम गर्ने भन्ने उल्लेख गरिएको छ।

यसका साथै बैठकले नेपाली सेना परिचालनको प्रस्ताव गर्ने निर्णय समेत गरेको छ। एकीकृत निर्वाचन सुरक्षा योजनामा सेना परिचालनको विषय समेत उल्लेख भएकाले सेना परिचालनका लागि राष्ट्रिय सुरक्षा परिषद् समक्ष पेश गर्ने निर्णय भएको मन्त्रालयका प्रवक्ता काफ्लेले बताए। यसका लागि रक्षा मन्त्रालयमा पठाउने रक्षा मन्त्रालयले राष्ट्रिय सुरक्षा परिषद्मा पेश गर्ने छ। त्यसपछि बल्ल सेना परिचालन हुनेछ।

त्यसैगरी ९ मंसिर प्रदेशस्तरीय सुरक्षा गोष्ठी सुरु गर्ने निर्णय भएको छ। लुम्बिनी प्रदेशबाट सुरक्षा गोष्ठी सुरु हुने बताइएको छ। निर्वाचन लक्षित नै यो सुरक्षा गोष्ठि हुने बताइएको छ। सुरक्षा चुनौती र निर्वाचन तयारीबारे छलफल हुने बताइएको छ।

हिंसा भड्काउने समूहहरूलाई निस्तेज गर्ने र त्यसका लागि कडाइका साथ कारबाही प्रक्रिया अघि बढाउने निर्णय भएको छ।

## दशगजा खाली गराउने प्रस्ताव

बुटवल। भारतको नयाँदिल्लीमा भएको नेपाल-भारत सीमा सुरक्षा समन्वयात्मक बैठकमा दशगजा खाली गराउने विषयले प्रवेश पाएको छ। २६ देखि २८ कात्तिकसम्म चलेको नवौं सीमा सुरक्षा समन्वयात्मक बैठकमा दशगजा क्षेत्रमा बनेका साना टहरादेखि केही ठाउँहरूमा लगाइएको खेतीबाली तथा मठ-मन्दिरहरू खाली गराउने विषयमा छलफल भएको छ।

सीमा सुरक्षा समन्वयात्मक बैठकमा नेपालको तर्फबाट प्रतिनिधित्व गरेका सशस्त्र प्रहरी बलका प्रमुख (आइजीपी) राजु अर्यालसहितको टोली र भारतीय सीमा सुरक्षा बल (एसएसबी)का महानिर्देशक सञ्जय सिंघलको टोलीको छलफलमा दशगजा खाली गराउने विषय उठेको हो। बैठकमा सहभागी एक अधिकारीका अनुसार दशगजा खाली गराउनेदेखि सरसफाइ, पिलर मर्मतका विषयहरू पनि उठेका छन्। यसअघि पनि जोर-बिजोरको आधारमा एसएसपी र सशस्त्र प्रहरीको टोलीले सीमा पिलरको मर्मत र रंङरोगन गर्दै आएका छन्।

दशगजाका साथै सीमामा अभिलेख राख्नुपर्ने विषयमाथि पनि छलफल भएको छ। खुला सीमाका कारण दैनिक सयौं व्यक्ति ओहोरदोहोर गरिरहने, तर उनीहरूको अभिलेख नहुँदा सुरक्षामा चुनौती हुने गरेको भन्दै भारतीय पक्षले यो विषय उठाउने गरेको बैठकमा सहभागी एक अधिकारीले बताए।

भारतीय गृह मन्त्रालयका सचिव गोविन्द मोहनले नाकाबाट आउजाउ गर्नेको अभिलेख राख्नुपर्ने प्रस्ताव गरेको ती अधिकारीले बताए। उक्त प्रस्तावलाई सकारात्मक रूपमा लिएर छलफल गरेको भए पनि यसमा कुनै निर्णय भइनसकेको ती अधिकारीले बताए।

## प्रादेशिक अस्पतालको नयाँ भवनको काम ३० प्रतिशत पूरा

बुटवल। लुम्बिनी प्रदेश सरकारको गौरव आयोजना लुम्बिनी प्रादेशिक अस्पतालको नयाँ भवन निर्माणमा हालसम्म ३० प्रतिशत भौतिक प्रगति भएको छ। लुम्बिनी प्रदेश पूर्वाधारण प्राधिकरणकाअनुसार निर्माण सुरु भएको १४ महिनामा यो काम भएको हो। निर्धारित समयभन्दा पहिलेनै योजना सम्पन्न गर्नेगरी तिब्र रुपमा काम अघि बढेको प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत इञ्जिनीयर छविराज पोखेलले दाबी गरे।

मुलुककै सबभन्दा ठूलो १२ सय शैयाको १२ तलाको अत्याधुनिक सुविधासहितको अस्पताल बनाउन २०८० साल पुस २६ गते प्रदेश पूर्वाधार विकास प्राधिकरणले भवन निर्माणको लागि ठेक्का सम्झौता गरेको थियो। सम्झौता भएको आठ महिनापछि २०८१ भदौ १५ गते मात्र भवनको शिलान्यास गरी निर्माणको काम अगाडि बढाइएको थियो। हाल निर्माणस्थलमा ३ सय बढी जनशक्ति परिचालन गरिएको छ।

सुविधा सम्पन्न दुई वटा भवन, उपकरण र आन्तरिक व्यवस्थापनसहित ८ अर्ब ९९ करोड ७५ लाख ६४ हजार लागत अनुमान गरिएकोमा भारतीय निर्माण कम्पनी क्याप साइट आशिष रेलिग्रेट भेन्चर र नेपाली कम्पनी आशिष रेलिगेसनले ६ अर्ब १८ करोड रुपैयाँमा ठेक्का सम्झौता गरेका थिए। ठेक्का सम्झौता अनुसार ५ वर्ष अर्थात् २०८५ पुस २५ गतेभित्र भवन निर्माणको काम पुरा गर्नुपर्ने सर्त छ।

कार्यकारी अधिकृत पोखरेलका अनुसार हालसम्म वित्तीय प्रगति भने २६ प्रतिशत मात्रै भएको छ। प्रादेशिक अस्पतालको भवन निर्माणका लागि सरकारले चालु आर्थिक वर्षमा छुट्टाएको बजेट पहिलो चार महिनामै सकिएको छ। प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८२/०८३ मा भवन निर्माणका लागि १ अर्ब रुपैयाँ विनियोजन गरेको थियो। उक्त रकम अघिल्लो आर्थिक वर्षमा भएको कामको भुक्तानीमै सकिएपछि चालु वर्षका लागि बजेट अभाव भएको हो।

सरकारको गौरवको आयोजना भनिए पनि भवन निर्माणका लागि आवश्यक बजेट विनियोजन नभएपछि निर्माण कम्पनीले उधारोमै काम गरिरहेको छ। पोखरेलका अनुसार सरकारले विनियोजन गरेको १ अर्ब रुपैयाँमध्ये ८५ करोड रुपैयाँ अघिल्लो वर्षको भुक्तानीमा सकिएको छ। बाँकी १५ करोड रुपैयाँ चालु वर्षमा भएको कामको भुक्तानी गरिएको छ भने कात्तिकसम्म सम्पन्न कामको अझै २४ करोड रुपैयाँ भुक्तानी गर्न बाँकी छ।

उनका अनुसार भवन निर्माणका लागि रकम अभाव भएपछि प्रदेश सरकारसँग चालु वर्षका लागि थप ८० करोड रुपैयाँ माग गरिएको छ। 'अहिलेसम्मकै २५ करोड भुक्तानी गर्नुपर्ने छ, अहिले भइरहेको कामको प्रगतिलाई हेर्दा बाँकी आठ महिनाका लागि समेत गरी ८० करोड आवश्यक पर्छ।'- उनले भने।

निर्माण कम्पनीलाई नियमित रूपमा रकम भुक्तानी गर्न सके निर्माणको काम पनि समयमै पूरा हुने भएकाले सरकारले पनि रकम थप गर्ने आश्वासन दिएको उनले बताए। 'निर्माण कम्पनीले जसरी काम गरिरहेको छ, यही गतिमा अगाडि बढ्ने र सरकारले पनि बजेट विनियोजन गर्ने हो भने निर्धारित समयभन्दा अगाडि नै भवन निर्माणको काम सम्पन्न हुन सक्छ।'- इञ्जिनियर पोखरेलले भने।

» *बाँकी ३ पेजमा*




## सम्पादकीय

# सहमतिको बाटो खोज

मधेस प्रदेशमा नयाँ मुख्यमन्त्री नियुक्तिपछि असहज परिस्थिति उत्पन्न भएको छ। समस्या समाधान गर्दै जाने र सहमतिको विकल्प खोज्नुको साटो दलहरु मुठभेड र टकरावको मुडमा छन्, जुन नेपालको लोकतान्त्रिक प्रणालीका लागि घातक छ । समाजमा राजनीति लयमा नहिंड्दा चौतर्फी निराशा र आक्रोश बढिरहेका बेला मधेस प्रदेशमा देखिएको जटिल अवस्थाले आक्रोश झनै बढाएको छ ।

मुख्यमन्त्री जितेन्द्र सोनलले विश्वासको मत पाउन नसक्ने अवस्था आएपछि राजीनामा दिएपछि उत्पन्न अवस्थाको सहज समाधानको विकल्पमा जानुको साटो कुटपिट, तोडफोड र आगजनीमा उत्रनु निन्दनीय छ । मुख्यमन्त्री कार्यालयका कर्मचारीलाई कुटपिट र तोडफोड गरेर प्रदेशसभा सदस्यहरुले राजनीतिलाई कुरूप बनाएका छन्, मुख्यमन्त्री कार्यालयभित्रै हिंसात्मक गतिविधि गरेर उनीहरुले जुन निर्लज्जता देखाए, त्यो अक्षम्य छ । अझ त्योभन्दा बढी काठमाडौं जाँदै गरेकी प्रदेश प्रमुख सुमित्रा भण्डारीले बर्दिवासको होटलमा नवनियुक्ति मुख्यमन्त्री सरोज यादवलाई सपथ गराएर कमजोरी भएको छ । कार्यालयमा गर्नुपर्ने काम होटलमा गरेर प्रदेश प्रमुखले पदीय मर्यादा कायम गर्न सकिनन् । सरकार गठनका लागि संविधानको धारा १६८ को उपधारा २ अनुसार विश्वासको मत पाउन नसकेको अवस्थामा धारा १६८ को उपधारा ३ मा जानसक्ने अधिकार प्रदेश प्रमुखलाई दिएको छ। धारा १६८ को उपधारा २ अनुसार गठन भएको सरकारका मुख्यमन्त्रीको विपक्षीमा ४० मत परेपछि राजीनामा दिएकाले प्रक्रियागत रुपमा अघि बढेको विषयलाई बिचमै स्थगित भएको र यो विषय अदालतमा न्यायिक निरुपणका लागि प्रवेश गरेकोले अब यसको छिनोफानो अदालतले गर्नेछ। यादव मुख्यमन्त्री नियुक्त भएपछि भएको तोडफोड र कुटपिटमा संलग्नलाई कानुनी कारबाहीमा ल्याउन आवश्यक छ । सभामुखलाई बर्खास्त भएको हस्ताक्षर र निवेदन तथा हस्ताक्षर गर्ने पाँच प्रदेशसभा सदस्यको बर्खास्त गर्ने सभामुखको निर्णयले झनै राजनैतिक जटिलता थपिएको छ ।

मधेस प्रदेशसभामा देखिएको राजनैतिक जटिलताको समाधान अदालतले मात्रै गर्न सक्तैन् । अदालतले तत्कालका लागि बाटो देखाउन सक्छ । मुख्यमन्त्री नियुक्तिको विषयमा गाइडलाइन दिनसक्छ, तर समग्र राजनैतिक विषयको समाधान दलीय सहमति र सहकार्यबाट मात्रै सम्भव छ। मुलुकमा संघीय शासन प्रणालीप्रति नराकारात्मक मनोविज्ञान तयार भएको बेला सबै दलले व्यवस्थाप्रति सकारात्मक भाव पैदा गर्न पहलकदमी लिन आवश्यक छ । मधेस प्रदेशमा देखिएको तनाव अरु प्रदेशमा पनि सर्न सक्ने जोखिम बढेको छ । यसले व्यवस्थाप्रति झनै वितृष्णा बढाउने जोखिम छ । प्रमुख दलहरु अहिले कमजोरी केलाएर र आत्मसमीक्षा गरेर राजनैतिक स्थिरता र सुशासनका लागि सहकार्य गर्नुको विकल्प छैन ।

# वैकल्पिक राजनीति र नेपालको दिशा



**विवेक शर्मा**

*नेपालमा जनताले विकल्प खोज्न छाडेका छैनन्, केवल विश्वास गुमाएका छन् । यो विश्वास फिर्ता ल्याउन नयाँ शक्ति आवश्यक छ । तर, त्यो शक्ति सफा छवि मात्र होइन, दृढ दृष्टिकोण र नीति–स्पष्टतासहित आउनुपर्छ । यदि बालेनको व्यावहारिकता, कुलमानको समर्पण, सुमना श्रेष्ठको प्राविधिक ज्ञान, रन्जु दर्शना र सागर ढकालको युवाशक्ति, मिलन पाण्डे र पुकार बमको नीति–अनुभव एकै ठाउँमा जोडिए भने त्यो दल मात्र होइन, नयाँ युगको सुरुवात हुनेछ । देशलाई अहिले दलभन्दा बढी दिशा, सत्ताभन्दा बढी सेवा र भाषणभन्दा बढी व्यवहार चाहिएको छ ।*

नेपालको राजनीतिक यात्राले परिवर्तनका अनेक चरण पार गरेको छ- ०४६ को बहुदलीय आन्दोलन, ०५२-०६२ को माओवादी युद्ध, ०६२/६३ को दोस्रो जनआन्दोलन र गणतन्त्र घोषणा। तर, गणतन्त्र घोषणको २० वर्षपछि पनि देशले स्थायित्व र सुशासनको अनुभूति गर्न भने सकेको छैन। मुख्य धारका दल नेपाली कांग्रेस, एमाले र माओवादी केन्द्र नै तीन दशकदेखि सत्तामा आलोपालो घुमफिर गर्दै छन्। तर, जनताले चाहेको सुशासन, रोजगारी, पारदर्शिता र सेवामुखी राज्य अझै परिकल्पनाभित्र मात्रै सीमित छ।

नेपालको राजनीतिक इतिहास हरेक दशकमा नयाँ प्रयोग र निराशाको चक्रभित्र घुमिरहेको छ। जनआन्दोलनको बलमा जन्मिएको लोकतन्त्रले नागरिकलाई अधिकार त दियो, तर शासन प्रणाली अझै पनि व्यक्तिनिर्भर, अस्थिर र अपारदर्शी नै रह्यो। तीन दशकदेखि देश चलाउँदै आएका मुख्य दल कांग्रेस, एमाले र माओवादीको कार्यशैलीप्रति जनताको मोहभंग स्पष्ट छ।

यही असन्तुष्टिले पछिल्लो दशकमा वैकल्पिक राजनीतिक शक्ति खोज्ने लहर ल्यायो। तर, ती लहर उज्ज्वल थापादेखि बाबुराम भट्टराई, रवीन्द्र मिश्रदेखि रवि लामिछानेसम्म किन स्थायी हुन सकेनन्? यसको जवाफ नेपालकै राजनीतिक संरचनाभित्र लुकेको छ।

**विवेकशील नेपालीदेखि रास्वपासम्मको वैकल्पिक यात्रा** : २०६९ सालमा उज्ज्वल थापाले सुरु गरेको विवेकशील नेपाली दलले राजनीति सफा गर्न सकिने सम्भावनाको बिउ रोप्यो। 'इमानदार नागरिकको राजनीति' भन्ने नारा युवामा लोकप्रिय भयो। तर, संस्थापक थापाको असामयिक निधनपछि संगठन दिशाहीन बन्यो। त्यसपछि रवीन्द्र मिश्र र मिलन पाण्डेबिचको सहकार्यमा विवेकशील-साझा पार्टी जन्मियो। 'साझा विकल्प' भन्ने नारा गुञ्जियो। तर, नेतृत्व संघर्ष र व्यक्तिगत महत्वाकांक्षाले पार्टी फुट्यो।

२०७९ को निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को उदयले फेरि जनताको ध्यान तानेको देखियो। रवि लामिछानेको 'क्लिन इमेज' र मिडियाकर्मी पृष्ठभूमिले युवालाई आकर्षित गऱ्यो। पहिलो निर्वाचनमै उनले उल्लेख्य मत ल्याए। धेरैले यसलाई नयाँ राजनीतिक लहर ठाने। तर, सरकारमा पुगेपछि पार्टीले पुरानै गल्ती दोहोऱ्यायो। आन्तरिक द्वन्द्व, पदलोलुपता र अस्पष्ट नीतिका कारण जनताको विश्वास फेरि खस्किँदो क्रममा रहेको देखिन्छ।

**डा. बाबुराम भट्टराईको वैकल्पिक प्रयोग** : माओवादी आन्दोलनका प्रमुख विचारक डा. बाबुराम भट्टराईले २०७२ सालमा माओवादीबाट अलग भएर नयाँ शक्ति नेपाल बनाए। उनको उद्देश्य थियो- 'विचारमा वैज्ञानिक, नेतृत्वमा नयाँ र प्रणालीमा इमानदार दल निर्माण।' तर, नयाँ शक्तिले वैकल्पिक ऊर्जा जुटाउन सकेन। पुराना कार्यकर्ता संरचना नभएको, कमजोर संगठन र नेतृत्वको आत्मकेन्द्रितताका कारण पार्टी जनस्तरमा फैलिन सकेन। पछि उनले नयाँ शक्तिलाई संघीय समाजवादी फोरमसँग एकीकृत गरी जनता समाजवादी पार्टी (जसपा) बनाए। तर, जसपाभित्र पनि नेतृत्वबिचको स्वार्थ-संघर्षले उनको भूमिका कमजोर बनायो। ०७९ तिर उनले पुनः जसपाबाट अलग भएर अर्को 'नयाँ दल निर्माण'को पहल गरे। तर, जनताले यसपटक उनलाई विकल्पका रूपमा हेरेनन्। डा. भट्टराईको यात्राले देखाउँछ कि विचारमा वैकल्पिक तर व्यवहारमा परम्परागत हुँदा कुनै पनि नयाँ शक्ति टिक्दैन।

त्यस्तै, माधवकुमार नेपाल र नेकपा एकीकृत समाजवादीको प्रयोग हेर्दा ०७८ सालमा नेकपा एमाले फुट्दा माधवकुमार नेपालको नेतृत्वमा नेकपा (एकीकृत समाजवादी) बनेको थियो। उनले दाबी गरे- 'हामी पार्टी होइन, नीति र नैतिकता पुनर्स्थापित गर्न आएका हौँ।' तर, दुई वर्षभित्रै पार्टी सत्ता-साझेदारको भूमिकामा सीमित भयो। सरकारमा भाग लिएर पनि आफ्नो वैकल्पिक चरित्र प्रमाणित गर्न असफल रह्यो। फुटेको एमाले र माओवादीबिचको भिन्नता अब जनताले बुझ्नै छाडेका छन्। त्यसैले, एकीकृत समाजवादी पनि जनताका दृष्टिमा अर्को 'पदनिर्भर दल' मात्र देखियो। र अहिले आएर माधवकुमार नेपाल, प्रचण्डलगायत अन्य नेताले फेरि आफ्नो शाख जोगाउन १० दलीय नयाँ गठबन्धन गरेका छन्।

**वैकल्पिक दलहरूको असफलताको कारण** : नेपालमा वैकल्पिक दल बारम्बार जन्मिए, तर टिक्न सकेनन्। यसको मूल कारणका रूपमा विभिन्न राजनितिक विशलेषकको फरक-फरक मत आए पनि केही कारणलाई यसरी हेर्न सकिन्छ :

**व्यक्ति-निर्भरता** : नयाँ दलहरू नेता-केन्द्रित हुन्छन्। संस्थागत नेतृत्व प्रणाली विकास नहुँदा दलको अस्तित्व नेतासँगै हराउँछ।

**नीतिगत अस्पष्टता** : भ्रष्टाचारको विरोध र परिवर्तनको नारा मात्र पर्याप्त हुँदैन। भरपर्दो आर्थिक नीति, संघीयता, शिक्षा, स्वास्थ्य र रोजगारीमा ठोस दृष्टिकोण नहुँदा वैकल्पिक भनिएका दलहरूले अल्पकालीन ताली त पाउँछन्, दीर्घकालीन समर्थन होइन।

**संगठनको अभाव** : पुराना दलले गाउँ-गाउँमा संगठनसहित जरा गाडेका छन्। वैकल्पिक दल प्रायः सहर र सामाजिक सञ्जालमा सीमित छन्। जसले ग्रामीण जनतासँग दूरी बढाउँछ।

**विश्वका सफल वैकल्पिक शक्तिबाट सिक्नुपर्ने पाठ** : भारतमा अरविन्द केजरिवालको आम आदमी पार्टी (आप) ले भ्रष्टाचारविरोधी आन्दोलनबाट जन्मिएर दिल्ली र पञ्जाबमा सशक्त सरकार सञ्चालन गऱ्यो। केजरिवालले शिक्षा, स्वास्थ्य र पारदर्शितामा केन्द्रित नीति ल्याएर सफलता पाए। फ्रान्समा इम्यानुएल माक्रोँले पुराना पार्टीबाट निराश नागरिकलाई एकत्रित गर्दै 'ल'रेपुब्लिक एन मार्चे' नामक दल स्थापना गरेर राष्ट्रपतिमा विजयी भए।

इटलीमा बेप्पे ग्रिलको फाइभ स्टार मुभमेन्टले जनताको अनलाइन सहभागिता र पारदर्शी निर्णय प्रणालीका कारण उल्लेखनीय प्रभाव पारेको थियो। यी उदाहरणले स्पष्ट गर्छन्, वैकल्पिक राजनीति सफल हुन तीन आधार चाहिन्छ : १. स्पष्ट नीति, २. संगठनात्मक सुदृढता र ३. नैतिक नेतृत्व र पारदर्शिता।

**नेपालको वर्तमान राजनीतिक परिदृश्य** : अहिले नेपालमा संसद् विघटित छ। यसअघिको सरकार गठबन्धनमा अडिएको थियो। प्रमुख दल भित्रभित्रै नेतृत्व-संघर्षमा थिए। गठबन्धनको सरकारले जनताका लागि चाहिने कामभन्दा पनि व्यक्तिगत स्वार्थ, नैतिकहीन चरित्र, पारिवारिक मोह तथा लुटतन्त्रमा लुप्त सरकार तथा नेताका कारणले देशमा जेन-जी आन्दोलनबाट जेन-जीको सहमतिमा नयाँ सरकार बन्यो। देशको अर्थतन्त्र कमजोर छ, बेरोजगारी बढ्दो छ र शिक्षाको निजीकरणले आमनागरिकलाई झन् टाढा पुऱ्याएको छ। यस्तो अवस्थामा जनतामा वैकल्पिक नेतृत्वको चाहना स्वाभाविक बनेको छ। तर, यो चाहनालाई मूर्त रूप दिन भावनात्मक विरोधभन्दा बढी व्यावहारिक दृष्टिकोण आवश्यक छ।

**नयाँ नेतृत्वको सम्भावना, एकता र दृष्टिकोण** : आज नेपालमा केही अनुहार छन्, जसले जनस्तरमा आशा जगाएका छन्। बालेन साह, सुमना श्रेष्ठ, कुलमान घिसिङ, मिलन पाण्डे, सागर ढकाल, पुकार बम, गोपी हमाल, रन्जु दर्शना, हर्क सम्पाङलगायत यी सबैले आ-आफ्नो क्षेत्रमा इमानदारी, व्यावहारिकता र जनसेवामा तदारुकता देखाएका छन्। उनीहरू व्यक्तिगत महत्वाकांक्षाभन्दा माथि उठेर देशलाई पहिलो प्राथमिकता दिँदै साझा प्लेटफर्ममा जुटे भने यो देशमा साँच्चै वैकल्पिक शक्ति निर्माण सम्भव छ। तर, यसका लागि तीन स्पष्ट काम गर्न जरुरी छ :

**नीति निर्माणमा स्पष्ट दृष्टिकोण** : राज्यको दायित्व शिक्षा, स्वास्थ्य, रोजगारी, पारदर्शिता र सुशासनलाई प्राथमिकतामा राख्ने नीति जनतासामु खुला गर्नुपर्छ।

**गाउँदेखि केन्द्रसम्म संगठन** : वैकल्पिक राजनीति सहरका युवामा सीमित रह्यो भने विफल हुन्छ। ग्रामीण जनतासँग प्रत्यक्ष सम्पर्क र सहभागिता जरुरी छ।

पारदर्शी र उत्तरदायी नेतृत्व : दलभित्रको आर्थिक पारदर्शिता र निर्णय प्रक्रिया खुला हुँदा मात्र विश्वास बढ्छ।

**आगामी निर्वाचन र निर्णायक मोड** : ०८२ सालको प्रतिनिधिसभा निर्वाचन नेपालका लागि निर्णायक बन्न सक्छ। जनताले पुराना दलप्रतिको मोहभंगबिच नयाँ विकल्प खोजिरहेका छन्। नयाँ शक्ति संयम, तयारी र प्रस्ट दृष्टिकोणसाथ प्रस्तुत भयो भने जनमतले त्यसलाई स्विकार्ने सम्भावना उच्च छ। तर, इतिहासले सिकाउँछ, केवल राग, आक्रोश र लोकप्रियताले सत्ता जित्न सकिएला, तर दृष्टि, नीति र संगठनविना देश चलाउन सकिँदैन।

**अन्य देशको सन्देश** : दक्षिण कोरियाले तानाशाहीपछि शिक्षा र प्राविधिक दक्षतामा लगानी गरेर आर्थिक क्रान्ति गऱ्यो। सिंगापुरले शून्य भ्रष्टाचार नीति र दक्ष ब्युरोक्रेसीद्वारा स्थायित्व ल्यायो। भूटानले सफा शासन र स्थानीय सशक्तीकरणमा जोड दियो। यी देशको अनुभवले बताउँछ- देश बदल्न नयाँ दलको संख्या होइन, इमानदार दृष्टि, दीर्घ रणनीति र संस्थागत अनुशासन चाहिन्छ।

**निष्कर्ष** : नेपालमा जनताले विकल्प खोज्न छाडेका छैनन्, केवल विश्वास गुमाएका छन्। यो विश्वास फिर्ता ल्याउन नयाँ शक्ति आवश्यक छ। तर, त्यो शक्ति सफा छवि मात्र होइन, दृढ दृष्टिकोण र नीति-स्पष्टतासहित आउनुपर्छ। यदि बालेनको व्यावहारिकता, कुलमानको समर्पण, सुमना श्रेष्ठको प्राविधिक ज्ञान, रन्जु दर्शना र सागर ढकालको युवाशक्ति, मिलन पाण्डे र पुकार बमको नीति-अनुभव एकै ठाउँमा जोडिए भने त्यो दल मात्र होइन, नयाँ युगको सुरुवात हुनेछ। देशलाई अहिले दलभन्दा बढी दिशा, सत्ताभन्दा बढी सेवा र भाषणभन्दा बढी व्यवहार चाहिएको छ। वैकल्पिक राजनीति कठिन यात्रा हो, तर असम्भव छैन। नेपाल फेरि पनि उठ्न सक्छ, तर त्यसका लागि नयाँ पुस्ताले 'देश पहिले, स्वार्थ पछि' भन्ने प्रतिज्ञा लिन सक्नुपर्छ।

नयाँ पत्रिकबाट

# प्राथमिक उपचारको महत्व र आवश्यकता

**पुष्कर राज जोशी**

हाम्रो जस्तो देशमा, जहाँ दुर्गम क्षेत्रहरू र पहाडी गाउँहरू प्रशस्त छन्, त्यहाँ स्वास्थ्य सेवा पहुँच अत्यन्तै कठिन र टाढा छ। सडक, यातायात व्यवस्था र स्वास्थ्य सेवाको अभावका कारण सामान्य चोटपटक, रोग वा दुर्घटना भएपनि तुरुन्त उपचार गर्न सकिँदैन। यस्तो अवस्थामा, यदि हामीले प्राथमिक उपचारको ज्ञान हासिल गर्न सके भने, जीवन बचाउन र थप जटिलता रोक्न सकिन्छ। यसले मानव जीवनको संरक्षण गर्न महत्वपूर्ण भूमिका खेल्दछ।

यही कारणले, प्रत्येक नेपाली नागरिकले प्राथमिक उपचारको आधारभूत ज्ञान सिक्न आवश्यक छ। यसले हाम्रो परिवार, छोराछोरी, स्वयम र अरूको जीवन रक्षा गर्न मद्दत गर्दछ।

**किन प्राथमिक उपचार आवश्यक छ ?**

१. देशको भौगोलिक अवस्थाका कारण

हाम्रो देशको भूगोल धेरै जटिल र दुर्गम छ। हिमाल, पहाड, र तराइका ठाउँहरूबाट अस्पताल र स्वास्थ्य पुग्न धेरै समय लाग्ने गर्छ। सडक र यातायातको समस्या, कहिलेकाहीं प्राकृतिक प्रकोप जस्तै बाढी, पहिरोले बाटो अवरुद्ध हुँदा, सामान्य चोटपटकको लागि पनि समयमा उपचार गर्न सकिँदैन।

**२. स्वास्थ्य सेवाको अभाव**

दूरदराजका गाउँहरूमा स्वास्थ्यकर्मीको संख्या कम छ। आवश्यक औषधि र उपकरणको अभाव हुन्छ। यस्तो अवस्थामा, सामान्य मानिसले नै प्राथमिक उपचार गर्न सिक्नुपर्छ, जसले जीवनको रक्षा गर्न मद्दत गर्दछ।

**३. सामान्य दुर्घटना र स्वास्थ्य समस्या**

सडक दुर्घटना, घरायसी दुर्घटना, पशु टोकाइ, ज्वरो, डिहाइड्रेसन, र अन्य स्वास्थ्य समस्या सामान्य हुन्छ। यदि यी समस्यामा तुरुन्तै सही र उचित प्राथमिक उपचार गरियो भने, जोखिम घट्छ र ज्यान जोगिन सक्छ।

**४. जीवन र मृत्युको संघर्ष**

कहिलेकाहीं, जटिलता र संक्रमण जति नै सामान्य देखिए पनि, प्रारम्भिक उपचारले संक्रमणलाई फैलिन नदिन मद्दत गर्छ। यसले पीडितलाई थप जटिलता र ज्यानको जोखिमबाट जोगाउँछ।

**प्राथमिक उपचारको उद्देश्यहरू**

प्राथमिक उपचारको मुख्य चार उद्देश्यहरू यस प्रकार छन्ः

**१. जीवन रक्षा गर्न**

घाइतेको ज्यान जोगाउने सबैभन्दा पहिलो र मुख्य उद्देश्य हो। श्वासप्रश्वास, हृदयगति र रक्तसञ्चारलाई स्थिर राख्न आवश्यक कदम चाल्नु पर्छ।

**२. अवस्था बिग्रन नदिनु**

घाइतेको अवस्था अझ बिग्रन नदिनु, संक्रमण फैलिन नदिनु, र चोटको ठाउँ अझ बिग्रिन नदिनु मुख्य लक्ष्य हो।

**३. अवस्था सुधार गर्न**

अवस्था स्थिर राखेर, आवश्यक भएमा पीडितको अवस्था सुधार गर्नुपर्छ। यसका लागि सही उपाय र सामग्रीको प्रयोग आवश्यक हुन्छ।

**४. स्वस्थ्य पार्नु**

यदि सम्भव भएमा, पीडितलाई पूर्णरुपमा स्वस्थ्य बनाउने प्रयास गर्नु। यो अवस्था लामो समयको उपचार र चिकित्सकको सहायता आवश्यक पर्दछ।

प्राथमिक उपचारका लागि आवश्यक सामग्रीहरू र तिनको प्रयोग

**सफा गज प्याड / सूती मलमल पट्टी**

प्रयोगः घाउबाट रगत बगेमा थिच्न, संक्रमण रोक्न र जखम ढाक्न प्रयोग गरिन्छ। गज वा पट्टी सिधैं घाउमा राखेर थिच्ने।

**उम्ल्याएर चिस्याएको पानी**

प्रयोगः घाउ सफा गर्न तथा धुलो वा माटो हटाउन।

**एन्टिसेप्टिक समाधान**

प्रयोगः संक्रमण रोक्न र ब्याक्टेरिया नष्ट गर्न। कपासमा भिजाएर घाउमा हल्कासँग लगाउने।

**एन्टिसेप्टिक क्रिम**

प्रयोगः साना घाउ वा कट्का संक्रमणबाट बचाउन तथा छिटो निको पार्न।

**कटन (कपास)**

प्रयोगः घाउ सफा गर्न वा औषधि लगाउन। एन्टिसेप्टिक समाधानमा भिजाएर प्रयोग गर्न सकिन्छ।

**ब्यान्डएड / प्लास्टर** : प्रयोगः साना घाउ वा चोटपटक ढाक्न। घाउ सफा गरी सिधैं ब्यान्डएड टाँस्ने।

**मेडिकल टेप**

प्रयोगः पट्टीलाई सुरक्षित गर्न, घाउमा दबाब दिन र पट्टी टाँस्न प्रयोग गरिन्छ।

**सर्जिकल पञ्जा**

प्रयोगः घाउ सफा गर्दा वा बिरामीसँग सम्पर्क गर्दा संक्रमणबाट जोगिन। प्रयोग गर्नु अघि हात सफा गर्न आवश्यक।

**एन्टिबायोटिक मल्हम**

प्रयोगः गहिरो वा संक्रमित घाउमा संक्रमणको जोखिम कम गर्न।

**सफा कपडा वा तौलिया**

प्रयोगः रक्तस्राव रोक्न वा घाउ सफा गर्न। धुलो रहित सफा कपडाले हल्कासँग थिच्ने।

**पोलिएको छालाका लागि सामग्रीहरू**

प्रयोगः जलन वा डपोलिएको छालाको प्राथमिक उपचार गर्न।

**थर्मोमिटर**

प्रयोगः शरीरको तापक्रम नाप्न।

**चिसो प्याक**

प्रयोगः चोट, सुजन वा डढेको भागमा चिसो दिन सफा कपडाले बेरी १०-१५ मिनेटसम्म राख्ने।

**टर्चलाइट**

प्रयोगः अन्धकारमा उपचार गर्न, सानो काँढा, घाउ वा अन्य अवस्था हेर्न प्रयोग गरिन्छ।

**कैंची**

प्रयोगः पट्टी वा टेप काट्न। प्रत्येकपटक प्रयोग अघि सफा गर्नु आवश्यक।

**चिम्टी**

प्रयोगः काँढा वा साना कण झिक्न प्रयोग गरिन्छ।

**जीवनजल र ग्लुकोज**

प्रयोगः शरीरमा पानीको कमी भएमा, ज्वरो र डिहाइड्रेसनमा तुरुन्त ऊर्जा पुऱ्याउँछ।

**मास्क**

प्रयोगः विषाक्त हावाबाट जोगिन, संक्रमण रोक्न।

**लामखुट्टे स्प्रे र क्रिम**

प्रयोगः लामखुट्टेको टोकाइबाट जोगिन मलेरिया, डेंगु जस्ता रोग रोक्न।

**सेनेटरी प्याड**

प्रयोगः अत्यधिक रक्तश्राव भएको अवस्थामा रक्तश्राव रोक्न मद्दत गर्दछ।

**थप महत्वपूर्ण सुझावहरू**

सबै सामग्री सधैं सफा राख्नुस् र बच्चाहरूको पहुँच बाहिर सुरक्षित स्थानमा राख्नुस्।

प्राथमिक उपचार किट प्रत्येक घर, विद्यालय, कार्यालय, सवारीसाधन वा यात्रा झोलामा अनिवार्य रूपमा राख्नुस्।

**प्राथमिक उपचारसम्बन्धी तालिम लिनुहोस्** – आकस्मिक अवस्थामा यसले जीवन बचाउन सक्नेछ।

सामान्य जीवनोपयोगी सामग्रीहरू र तिनको प्रयोगलाई ध्यान दिएर, हामी सजिलै प्राथमिक उपचार गर्न सक्छौं।

प्राथमिक उपचार एउटा जीवनदायक, आधारभूत र आवश्यक शिक्षा हो। यसले मानव जीवनको संरक्षण गर्दछ, संक्रमण रोक्छ र थप जटिलता हुन नदिन मद्दत गर्दछ। हरेक नेपाली नागरिकले यस विषयमा जागरूकता र प्रशिक्षण लिनु आवश्यक छ। यसले हामीलाई आपतकालीन अवस्थाहरूमा सही निर्णय लिन मद्दत गर्दछ र हाम्रो परिवार, साथी र आफूसँगै अरूको जीवन जोगाउँछ। स्वास्थ्य खबरबाट

# महायज्ञमार्फत् आश्रम बनाउन नौ करोड ६९ लाख संकलन



बागलुङ । मानवसेवा आश्रम बागलुङ शाखाको भवन निर्माणका लागि आयोजना गरिएको श्रीमद् भागवत ज्ञान विज्ञान महायज्ञ समापन गरिएको छ । महायज्ञमा रु नौ करोड ६९ लाख सङ्कलन भएको छ । कात्तिक २१ गतेबाट बागलुङ नगरपालिका-४ स्थित आश्रम निर्माणका लागि आयोजित महायज्ञ शनिबार समापन गरिएको छ ।

महायज्ञमा शुक्रबार मात्र रु एक करोड ३४ लाख सङ्कलन भएको थियो । बिहीबार सबैभन्दा बढी रकम रु एक करोड ६२ लाख सङ्कलन भएको महायज्ञ आयोजक समितिका कोषाध्यक्ष सरिता गौतमले जानकारी दिइन् । महायज्ञमा रु १० करोड सङ्कलन गर्ने लक्ष्य राखिएकामा लक्ष्यको नजिक पुगेको बताउँदै अझै पनि अनलाइनमार्फत् सहयोग आउनेक्रम जारी रहेको उनले बताइन् ।

महायज्ञमा शनिबार सबैभन्दा बढी रकम बागलुङ नगरपालिका-४ उपल्लाचौरका ऋषिराम गौतम तथा सरिता गौतमले रु छ लाख नौ हजार सहयोग प्रदान गरेका हुन् । शनिबार आश्रमका चार कोठा निर्माणका लागि एकमुष्ट रु २० लाख सहयोग प्राप्त भएको छ । आश्रम एक कोठा निर्माणका लागि रु पाँच लाख ११ हजार संस्थागत रूपमा समेत प्राप्त भएको छ ।

# प्रकृति र संस्कृतिको संगम गाभर भ्याली हो मस्टे



राँझा । बाँकेको बैजनाथ गाउँपालिकामा अवस्थित गाभर भ्याली सामुदायिक घरवास (होम स्टे) यतिबेला आन्तरिक पर्यटकको चापले गुल्जार छ । दसैँतिहारजस्ता मुख्य चाडपर्व सकिएसँगै यहाँ पर्यटकको चहलपहल दैनिक रूपमा बढिरहेको छ ।

गाभर भ्याली सामुदायिक घरवासका अध्यक्ष कृष्णलाल चौधरीका अनुसार, वर्षायाममा सुनसान हुने गरेको होमस्टेमा अहिले पाहुनाको आगमन बढेको छ । पर्यटक विशेषगरी पदमार्ग र जङ्गल सफारीप्रति आकर्षित भएका छन् । बाँके, बर्दिया मात्र नभई कर्णाली, सुदूरपश्चिम र लुम्बिनी प्रदेशका अन्य जिल्लाबाट समेत ठूलो संख्यामा पर्यटक यहाँ घुम्न आइरहेका छन् ।

छोटो समयमै पर्यटकीय क्षेत्रको पहिचान बनाउन सफल गाभर भ्याली बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रभित्र पर्दछ । यहाँ आउने आन्तरिक पर्यटक पछिल्लो समय निकुञ्जभित्र जङ्गल सफारी गर्न रुचाउँछन् । बाघ, हात्ती र चितुवालगायतका वन्यजन्तु हेर्ने र प्रकृतिको आनन्द लिने अवसरका कारण यो क्षेत्रको महत्व बढेको अध्यक्ष चौधरीको भनाइ छ ।

थारु र मुगाली समुदायद्वारा सञ्चालित गाभर भ्याली घरबासमा अहिले दैनिक करिब ५०० आन्तरिक पर्यटक पुग्ने गरेका छन् । यहाँ केवल परम्परागत घरवास मात्र नभई ठूलो लगानीका आरामदायी होटलसमेत थपिएका छन्, जसले पाहुनालाई पूर्वाधारयुक्त सेवा प्रदान गरिरहेका छन् ।

अध्यक्ष चौधरीका अनुसार, गाभर भ्याली होमस्टेले जीविकोपार्जनभन्दा माथि उठेर नयाँ अवधारणा अघि सारेको छ । उनी भन्छन्-"हामीले केवल जीविकोपार्जन मात्रै नभई नेपालमै पहिलोपटक आयआर्जन, संस्कृतिको प्रवर्द्धन, प्रकृतिको संरक्षण र बाघ पर्यटनको अवधारणा अघि सारेका छौँ । गाभर भ्याली होमस्टे आन्तरिक पर्यटन प्रवर्द्धनको अगुवा र पर्यटन उद्योगमा नयाँ आयामको सुरुवात गर्ने स्थल हो ।"

अध्यक्ष चौधरीका अनुसार, पुराना घरवासलाई पूर्वाधारयुक्त बनाइएको छ भने ठूलो लगानीका होटल पनि थपिएका छन् । २०७० सालमा सुरु भएको गाभर भ्याली सामुदायिक घरवास अहिले नेपालकै नमूना घरवासका रूपमा चिनिन्छ । बाँकेमा सञ्चालित घरवास जीविकोपार्जन मात्रै नभई आयआर्जनको माध्यम बनेको छ । गाभर भ्याली घरवासमा सुरुका दिनमा रु २०/३० हजारबाट व्यवसाय सुरु गरिए पनि अहिले रु २० लाख देखि रु ५० लाखसम्म लगानी गरेको अध्यक्ष चौधरीको भनाई छ ।

होमस्टेको स्थापनापछि गाउँलेको बोलीचाली, रहनसहनदेखि आर्थिक स्रोतसमेतमा उल्लेख्य सुधार आएको छ । बाँकेमा सञ्चालित यो होमस्टे अहिले जीविकोपार्जन मात्रै नभई दिगो आयआर्जनको बलियो माध्यम बनेको होटल व्यवसायी महासङ्घ बाँकेका अध्यक्ष भीम कँडेलले बताए ।

# सिधनियाघाटमा तीव्र गतिमा पक्की पुल निर्माण



राँझा (बाँके) । नेपालगञ्ज-बघौडा हुलाकी सडकअन्तर्गत डुडुवा गाउँपालिका-५ स्थित राप्ती नदीको सिधनियाघाटमा फराकिलो पक्की पुल निर्माणले गति लिएको छ ।

करिब ११ मिटर चौडाइ रहने पुल निर्माणले गति लिएपछि बाँकेको नरैनापुर र राप्तीसोनारीका बासिन्दालाई आवागमनमा सहज हुनेछ । हाल यहाँ साँघुरो पुल भएकाले सवारीसाधन पालो कुरेर नदी पार गर्नुपर्ने बाध्यता रहेको स्थानीय बताउँछन् ।

राप्ती नदीमा दुई लेनको पुल निर्माण भएपछि नदी वारपार गर्न पालो कुर्नपर्ने बाध्यता अन्त्य हुने स्थानीय सोहनलाल यादवले बताए । पुल निर्माण धमाधम भइरहेकाले शीघ्र सम्पन्न भई आवागमन सहज हुने उनले विश्वास व्यक्त गरे ।

उक्त पुलको हालसम्म ५० प्रतिशतभन्दा बढी प्रगति भएको हुलाकी राजमार्ग निर्देशनालय योजना कार्यालय नेपालगञ्जका प्रमुख लीलाबहादुर भण्डारीले जानकारी दिए । सम्झौता भएपछि करिब एक वर्ष पुलको डिजाइनमा समय लागेकाले केही ढिलाइ भएको बताउँदै उनले आगामी असारभित्र निर्माण सम्पन्न हुनेगरी काम भइरहेको जानकारी दिए ।

सिधनियाघाटमा करिब डेढ दशकअघि निर्माण भएको पुल साँघुरो भएपछि फराकिलो बनाउन थालिएको हो । विसं २०७९ माघ १० गते लुम्बिनी रौताह बन्धन भगवती जेभी काठमाडौँसँग ५३ महिनामा काम सम्पन्न गर्नेगरी सम्झौता भएको थियो ।

पुलको लागत भ्याटसहित रु एक अर्ब १९ करोड रहेको योजना कार्यालयका प्रमुख भण्डारीले जानकारी दिए । करिब ७०० मिटर लम्बाइको पुल, एक हजार ४८० मिटर एप्रोच सडक र चार किलोमिटरसम्म नदी नियन्त्रणको काम एकसाथ सम्पन्न गर्ने योजना रहेको उनले बताए ।

# सामान्य अङ्कले घट्यो नेप्से परिसूचक



काठमाडौँ । यो साता कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको गिरावट देखिएको छ । नेप्से परिसूचक पाँच दशमलव १५ प्रतिशतले घटेर दुई हजार ५४० दशमलव ५७ को बिन्दुमा कायम भएको हो ।

विभिन्न कम्पनीका ३३७ कम्पनीको ७९ लाख ५७ हजार ५६ कित्ता शेयर ४७ हजार १७६ पटक खरिदबिक्री हुँदा रु तीन अर्ब ८९ करोड ३९ लाख ७५ हजार ७९३ बराबरको कारोबार भएको छ । कारोबारमा होटल तथा पर्यटन, उत्पादन तथा पर्यटन र अन्य समूहको बाहेक सबै समूहको उपसूचक घटेको छ । सागर डिस्टिलरी लिमिटेड, बुँगल हाइड्रो लिमिटेड र बन्दीपुर केबलकार एन्ड टुरिजम लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने भुगोल इनर्जी डेभलपमेन्ट कम्पनी लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

# दाङमा व्यावसायिक मौरीपालन किसानको संख्या पाँच सय बढी



दाङ । जिल्लामा व्यावसायिक रूपमा मौरीपालन गर्ने किसानको संख्या बढ्दै गएको छ । यहाँको हावापानी राम्रो भएकाले यसमा आबद्ध हुने किसानको संख्या बढ्दै गएको हो ।

घोराही उप-महानगरपालिका-१८ सुपैला खुटीका श्रीधन घर्ती मौरीको स्याहारमा व्यस्त छन् । उनले यो काम गर्न थालेको १७ वर्ष पुगिसक्यो । उनले भने-" सात वर्ष वैदेशिक रोजगारमा गएर फर्केपछि मौरीपालन व्यवसाय गर्न थालेको हुँ । यसमा घरपरिवारको पनि साथ र सहयोग छ ।" उमेरले ५८ वर्ष पुगेएका घर्तीले घोराही उप-महानगरपालिका-१३ स्थित डुम्बरगाउँमा व्यावसायिक रूपमा मौरीपालन व्यवसाय गर्दै आएका छन् ।

अहिले घर्तीको मौरीफार्ममा एक सय ५० मौरीसहितका घार छन् । उनले यस व्यवसायबाट राम्रो आम्दानी पनि गर्दै आएका छन् ।

उनले वर्षमा सात टन मह उत्पादन गर्दै आएको बताए । "परिवारको पनि सहयोग छ, आफैँले मौरीपालनका लागि केही ज्ञान लिएपछि व्यावसायिक रूपमा मौरीपालनमा लागेको हुँ, अहिले उत्पादन भएको मह बिक्रीका लागि बजार पुग्न पर्दैन, धेरै जसोले घरबाटै लग्ने गरेका छन्", किसान घर्तीले भने-"वैदेशिक रोजगारबाट फर्किएपछि यहीँ व्यवसाय सुरु गरेको हुँ, धेरै लगानी पनि नलाग्ने र आम्दानी पनि राम्रो लिन सकिन्छ, आगामी दिनमा पनि मौरीपालन व्यवसायलाई निरन्तरता दिँदै जाने सोच छ ।"

मौरीपालन व्यवसायबाट वार्षिक रु १६ लाखको कारोबार गरिरहेका घर्तीले रु सात लाख बचत गर्ने गरेको बताए । एक किलोलाई रु पाँच सयका दरले बिक्री गर्दै आएको उनले जनाए ।

उनीजस्तै उमेरले ६० वर्ष पुगेका दीपकुमार मगरको दैनिकी पनि विगत दुई दशकदेखि मौरीपालन र मौरीको हेरचाहमै बित्ने गरेको छ । जसबाट आम्दानी पनि राम्रो हुँदै गएको उनी बताउँछन् । जिल्लाको घोराही उपमहानगरपालिका-१३ तुरुन्तपुर निवासी मगर विगत २६ वर्षदेखि यही व्यवसायमै छन् ।

मौरीले राम्रै आम्दानी दिँदै आएकाले मौरीपालन व्यवसायमा उत्साह बढ्दै गएको मगरले बताए । मैले व्यावसायिक रूपमा मौरीपालन गर्न थालेको २६ वर्ष भयो । लामो समय भइसक्यो मौरीपालन गर्न थालेको आम्दानी पनि राम्रो भइरहको छ । यसमा घरपरिवारको पनि सहयोग छ ।

उनले मौरीपालन पूर्वाधार सामग्री उत्पादनमार्फत् पनि व्यवसायका लागि आवश्यक सामग्री उत्पादन गरी छिमेकी जिल्ला रोल्पा, सल्यान, प्यूठानलगायतका जिल्लामा समेत आधुनिक प्रकारका सामग्री पठाउने गर्नुहुन्छ ।

मगरको मौरी फार्ममा दुई सय घार क्षमताको भए पनि हाल भने एक सय मौरीसहितका घार छन् । उनले वर्षमा ३५ क्विन्टल मह उत्पादन हुँदै आएको बताए । वर्षाको समय र अत्यधिक चिसो हुने समयमा ख्याल गर्ने हो भने मौरीपालनबाट राम्रो प्रतिफल लिन सकिने भन्दै उनले मह उत्पादन र घार वृद्धि पनि सँगसँगै बढाउँदै लगेको बताए । गुणस्तरीय मह भएकाले अधिकांश मह घरबाटै बिक्री हुने गरेको घर्ती बताउँछन् ।

यस्तै घोराही उप-महानगरपालिका-१८ गिठेपानी निवासी कृष्णबहादुर डाँगी र जानकी डाँगी दम्पतीले मह बिक्री गरेर मासिक रु एक लाखभन्दा बढी आम्दानी गर्दै आएका छन् । विगत डेढ दशकदेखि मौरीपालनमा संलग्न डाँगी दम्पतीले घोराही-१८ गिठेपानीमै एक सय पाँच घार बढी माहुरी पालेर वार्षिक रूपमा करिब रु १३ लाखसम्म आम्दानी गर्दै आएका छन् ।

कृषि ज्ञान केन्द्रका सूचना अधिकारी तथा कृषि अर्थविज्ञ पृथ्वीराज लामिछानेका अनुसार जिल्लामा व्यावसायिक मौरीपालन गर्ने किसानको संख्या पाँच सय बढी छ ।

### किसानलाई...

गुणस्तरीय उत्पादनका कारण उद्योगका उत्पादन अमेरिका,भारत निर्यात सुरु भइसकेको छ । नेपालमा खपत हुने फ्रेन्च फ्राइज हालसम्म विदेशबाट आयात हुने गरेको थियो । अब ७५ प्रतिशत आयात विस्थापित भइसकेको र एक वर्षभित्रै पूरै आयात विस्थापन गर्ने लक्ष्य रहेको सञ्चालक पौडेल बताउँछन् ।

उद्योगले युरोपियन प्रविधिमा आधारित आलु प्रशोधन उद्योगबाट फ्रेन्च फ्राइजसँगै केही महिनाभित्रै आलु टिक्की, बर्गर प्याटी, स्माइली, ह्यास ब्राउनलगायत परिकार उत्पादन सुरु हुने पौडेलले जनाए ।

'किसानको पौरख, नेपालको गौरव' नारा अंगिकार गरेको उद्योगले नेपालका किसानलाई आत्मनिर्भर बनाउँदै उनीहरुको जीवनस्तर उकास्ने लक्ष्य राखेको छ,' पौडेलले भने-'राज्यले हाम्रो उद्योगलाई अनुदान दिनुपर्दैन, किसानलाई मल, बिउ, सिँचाइ र प्राविधिक सहयोग गरे पुग्छ ।'

सरकारले प्रोत्साहन गरेमा मात्रै किसानहरु व्यवसायिक खेतीमा टिकिरिहने र उद्योगले उत्पादन बढाएर निर्यात गरी व्यापार घाटा कम गराउन सक्ने पौडेल बताउँछन् ।

### प्रादेशिक...

प्रदेश पूर्वाधार विकास प्राधिकरणका तर्फबाट भवन निर्माणमा खटिएका साइट इञ्जिनियर शंकर सुवेदीका अनुसार निर्माण कम्पनीलाई पेश्की स्वरूप ठेक्का सम्झौताको २० प्रतिशत रकम दिने प्रावधान रहे पनि निर्माण कम्पनीले पेश्की स्वरूप १८ प्रतिशत रकम लगेको छ । यसरी लगेको पेश्की रकम ३० प्रतिशत काम पूरा नगर्दासम्म काट्न पाइँदैन ।

अहिले भइरहेको रफ्तारमा काम भइरहे आगामी असार मसान्तसम्म ५० प्रतिशत जति काम सम्पन्न गर्ने लक्ष्य लिइएको सुवेदीले बताए । 'ठेक्का सम्झौता गरिएको अवधिबाट हेर्ने हो भने चालु आर्थिक वर्षभित्र ४७ प्रतिशत काम पूरा गर्नुपर्ने कार्य तालिका छ । तर, कामको प्रगतिलाई हेर्दा यस वर्ष ५० प्रतिशत काम सम्पन्न हुन्छ भन्ने अपेक्षा गरेका छौं ।'-सुवेदीले भने ।

भवन निर्माणमा प्रयोग भइरहेका वस्तु तथा कामको गुणस्तर अनुगमनका लागि काठमाडौं विश्वविद्यालयको १६ जनाको प्राविधिक टोलीले सुपरिवेक्षण गरिरहेको छ । भवनको डिजाइन र गुणस्तर सुपरिवेक्षणको जिम्मा 'जी-टु-जी' माध्यमबाट काठमाडौं विश्वविद्यालयअन्तर्गतको 'काठमाडौं युनिकन्सर्न कन्सल्टेन्सीलाई दिइएको थियो ।

सिद्धार्थ राजमार्गसँगै जोडिएको कुल ६ बिगाह १२ कट्ठा जमिनमा २०१६ सालमा बनेका पुराना संरचना भत्काएर १२ तलाको मुख्य भवन र क्यान्सर भवन निर्माण थालिएको हो । यसअघि निर्माण गरिएका डाइग्नोस्टिक एन्ड रिसर्च, प्रसूति, महिला तथा बाल रोग, जनरल वार्ड र शल्यक्रिया भवनहरू भने यथावत् राखिएका छन् ।

## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८२। ०७।२५ गते सरावल ५ देखि परासी जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

नाम : अर्जुन धोबी
ठेगाना : सरावल -५, नवलपरासी
बिमा लेख नं : २५११०१४६१
मोबाइल नं. : ९७०१०९७५३६

## बिमा लेख हराएको सूचना

मेरो निम्न विवरण भएको लाईफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेडको बिमा लेख मिति २०८२। ०७।२३ गते कोटहीमाई ४ देखि भैरहवा जाने क्रममा हराएको हुदाँ फेला पार्नु हुने महानुभावहरूले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर वा सम्पर्कमा गरिदिनु हुन बिनम्र अनुरोध छ ।

नाम : प्रमिला गुप्ता
ठेगाना : कोटही माई- ४, रूपन्देही
बिमा लेख नं : २५११०५६१५
मोबाइल नं. : ९८६९२०२८४४

**Nepal Red Cross Society**
**Rupandehi District Chapter**
**सिद्धार्थनगर - १३, रुपन्देही**

## शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

Details + requirements :

नेपाल रेडक्रस सोसाइटी,रुपन्देही जिल्ला शाखाद्धारा सञ्चालित शहरी पूर्व तयारी तथा आपत्कालिन प्रतिकार्य प्रवर्द्धन परियोजना Strengthening Urban Preparedness & Emergency Response Project (SUPER) को लागि आवश्यक पर्ने (Audio Emergency Notification System -Smart Siron) सामग्रीहरू निर्माण/खरीद/जडान गर्नुपर्ने भएकोले अनुमती प्राप्त इच्छुक उत्पादक, अधिकृत विक्रेता तथा वितरकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र तपसिलको शर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरू**

१. बोलपत्र फाराम नगद रु.२,०००/- (अक्षेरेपी दुई हजार मात्र) (फिर्ता नहुने गरी) भुक्तानी गरी तपसिलमा उल्लेखित स्थानबाट प्राप्त गर्न सकिनेछ । जम्मा गरेको रकमको नगदी रसिदको प्रति बोलपत्र फाराम साथ पेश गर्नु पर्नेछ ।
२. बोलपत्र फारामका साथ उद्योग/फर्म दर्ताको प्रमाणपत्र, उद्योग/फर्म भ्याटमा दर्ता भएको प्रमाणपत्र, आर्थिक वर्ष २०८०/२०८१ को करचुक्ता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र सार्वजनिक खरिद नियमावली अनुसार पेश गर्नुपर्ने स्व-घोषणा पत्र पेश गर्नु पर्नेछ । शिलबन्दी बोलपत्र खाम वाहिर बोलपत्रदाताको नाम, ठेगाना, सम्पर्क नम्बर तथा फर्मको छाप अनिवार्य हुनुपर्नेछ ।
३. बोलपत्र फाराममा उल्लेखित प्रत्येक सामाग्रीको निर्माण/खरीद/जडान र ढुवानी सहित दररेट अंक र अक्षर दुवैमा स्पष्ट लेख्नु पर्नेछ । अंक र अक्षरबीच फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट वा टिपेक्स लागेको अंक मान्य हुने छैन ।
४. बोलपत्र फाराममा उल्लेख गरिएका सामग्रीहरू रुपन्देही जिल्लाको सैनामैना नगरपालिका क्षेत्र भित्रमा जडान गर्नुपर्नेछ ।
५. बोलपत्र फाराम खाम बन्द गरी लाहा छापले शिलबन्दी गरिएको हुनु पर्नेछ, अन्यथा संस्थाले उक्त बोलपत्र दर्ता गर्न बाध्य हुने छैन ।
६. बोलपत्र फाराम दर्ता गर्ने अन्तिम मितिको भोलिपल्ट दिउँसो १२:३० बजे बोलपत्रदाता स्वयं वा निजको प्रतिनिधिको उपस्थितिमा यस कार्यालयमा बोलपत्र खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको अनुपस्थितमा पनि शिलबन्दी बोलपत्र खोल्न बाधा पर्ने छैन । तर सो दिन सार्वजनिक विदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिनको उक्त समयमा नै बोलपत्र खोलिनेछ ।
७. बोलपत्रमा आफूले कबोल गरेको रकमको २.५ प्रतिशतले हुने रकम बराबर धरौटी नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखाको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेडमा रहेको खाता नाम : Nepal Red Cross Society खाता नं.3080100005270001 मा रकम दाखिला गरेको बैंक भौचर पेश गर्नुपर्नेछ ।
८. बोलपत्र स्वीकृत भएपछि कबोल गरेको रकमको कम्तीमा १० प्रतिशतको रकममा नघट्ने गरी कार्य सम्पादन जमानी (परफरमेन्स फण्ड) जम्मा गर्नु पर्नेछ ।
९. सामान आपूर्ति गर्दा नेपाल सरकारको नियमानुसार लाग्ने कर कट्टी गरी भुक्तानी गरिनेछ ।
१०. बजेटको उपलब्धताको आधारमा माग गरिएको सामग्रीको संख्यामा थपघट हुन सक्नेछ । साथै बोलपत्र आंशिक वा पूर्ण रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा अस्वीकार गर्ने अधिकार यस कार्यालयमा रहनेछ ।
११. थप जानकारी आवश्यक परेमा नेपाल रेडक्रस सोसाइटी, रुपन्देही जिल्ला शाखा, रुपन्देहीमा सम्पर्क राख्न सकिनेछ ।
१२. शिलबन्दी बोलपत्र फाराम मिति २०८२/०८/१५ गते कार्यालय समय ४ बजेसम्म नेपाल रेडक्रस सोसाइटी रुपन्देही जिल्ला शाखामा बुझाउनु पर्नेछ ।
१३. विस्तृत विवरण बोलपत्र फाराममा उल्लेख गरिएको छ ।

**शिलबन्दी बोलपत्र फाराम पाउने र पेश गर्ने ठेगाना/स्थान:**

**नेपाल रेडक्रस सोसाइटी**
रुपन्देही जिल्ला शाखा,सिद्धार्थनगर - १३, रुपन्देही
फोन नं. ०७१-५८७३९२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**घारबाट मह काढ्दैः**
दाङको घोराही उप-महानगरपालिका-१३ डुम्मर गाउँस्थित छैबाङ चुङ्री बहुद्देश्यीय कृषि फर्ममा राखिएको घारबाट मौरीको मह निकालिँदै । फर्ममा मह उत्पादनका लागि डुम्मर गाउँमा भाडाको जग्गामा १३५ घार मौरी चरनका लागि राखिएको छ। तस्विरः कुलदीप न्यौपाने/रासस

# स्याङ्जामा ७ वर्षमा १५ सडक पुल बने



**प्रकाश डोटेल**
*स्याङ्जा*

पछिल्लो समय संघ, प्रदेश र स्थानीय सरकारले पूर्वाधार विकासमा मोटो रकम खर्च (लगानी) गर्दै आएका छन् । पूर्वाधारतर्फ सुरुङ्मार्ग, राजमार्ग विस्तार, नयाँ सडक निर्माण, पक्की पुल, प्रशासनिक संरचना र अस्पताललगायतका क्षेत्रमा सरकारले मोटो रकम खर्च गरेको छ । ठूला पूर्वाधार विकासमा तीनै तहका सरकार तछाड र मछाड शैलीमा मोटो रकम खर्च गर्ने प्रतिस्पर्धामा छन् ।

पूर्वाधारमा मोटो रकम खर्च गरे पनि स्याङ्जाभित्र ८२ किलोमिटरको दुरी पर्ने कुल १८१ किलोमिटर लम्बाइको पोखरा-बुटवल जोड्ने सिद्धार्थ राजमार्गको स्तरवृद्धि हुन सकेको छैन । तराई-पहाड जोड्ने देशकै छोटो र सहज सिद्धार्थ राजमार्गको स्तरउन्नति देख्न र भोग्न आतुर स्याङ्जा र आसपास जिल्लाका स्थानीय व्यग्र प्रतिक्षामा छन् । प्रमुख राजमार्गको स्तरवृद्धि नभए पनि जिल्लाभित्र साना र ठूला गरी दर्जनौ पूर्वाधार निर्माणको गतिविधिले भने तिव्रता पाएका छन् ।

गण्डकी प्रदेश सरकार बनेपछि स्याङ्जामा पछिल्लो ७ वर्षमा १५ वटा पक्की (सडक) पुल बनेको पूर्वाधार निर्माणको गतिलो उदाहरण हो ।

आर्थिक वर्ष २०७५/७६ देखि पछिल्लो ७ वर्ष अर्थात् आर्थिक वर्ष २०८१/८२ सम्मको अवधिमा २६ करोड ४३ लाख ४४ हजार ४०२ रुपैयाँको लागतमा १५ पक्की पुल बनेको गण्डकी सरकारले सार्वजनिक गरेको तथ्याङ्कमा देखिन्छ ।

पूर्वाधार विकास कार्यालय स्याङ्जाले आर्थिक वर्ष २०७५/०७६ मा ५ करोड दुई लाख १७ हजार ५०१ रुपैयाँको लागतमा दुई पक्की पुल निर्माण गरेको छ । छोरेपाटन-कृस्ति हुँदै सुकौदी-बाडखोला जोड्ने सडक खण्डको सुकौदीमा एक करोड ६९ लाख ५३ हजार ५८५ र पुतलीबजार नगरपालिका र अर्जुनचौपारी गाउँपालिका जोड्ने सडक खण्डअन्तर्गत ठाडोखेतको दरौखोलामा तीन करोड ३२ लाख ६३ हजार ९१६ रुपैयाँको लागतमा पुल निर्माण गरेको कार्यालयले जनाएको छ ।

७ वर्षमा १५ पुल बनेको भए पनि आर्थिक वर्ष २०७६/०७७ मा संख्याका आधारमा तुलनात्मक रुपमा धेरै पुल निर्माण भएका छन् ।

सो आर्थिक वर्षमा कुल १० करोड ४३ लाख ८६ हजार ३५२ रुपैयाँको लागतमा विभिन्न सडकअन्तर्गत ७ वटा पक्की पुल निर्माण भएको पूर्वाधार कार्यालय स्याङ्जाका प्रमुख इञ्जिनियर दयाराम अधिकारीले जानकारी दिए ।

उनका अनुसार उक्त वर्ष वालिङ नगरपालिकाको त्रियासी-मनकामना सडकमा पर्ने रत्ने-दोभानखोलामा ८८ लाख १३ हजार ८१३ रुपैयाँको लागतमा पुल बन्यो भने पुतलीबजार नगरपालिका र हरिनाश गाउँपालिका जोड्ने घुम्ती-चिसापानी सडकको भुवनेखोलामा बनेको पुल ९८ लाख ३६ हजार २१४ रुपैयाँ लागतमा तयार भएको हो । भीरकोटको बगरेबजार-पकान हुँदै वालिङ जोड्ने सडकको लुब्दीखोलामा कुल दुई करोड १५ लाख ६२ हजार ३३४ रुपैयाँ लागतमा पुल बनेको प्रमुख अधिकारीले जनाए ।

त्यसैगरी सिद्धार्थ राजमार्गको नागडाँडा हुँदै कार्किनेटा जोडिने सडकको बाँसकोट खोलामा एक करोड १३ लाख २५ हजार २५३ रुपैयाँको लागतमा पुल बन्यो भने वालिङकै राक्से-केसेरी हुँदै फूलबारी सडकको अर्मादीखोलामा एक करोड २२ लाख ७७ हजार ९७६ रुपैयाँमा पुल बनेको छ । बिरुवा-बाहुँ-ओरेष्ट सडक खण्डमा पर्ने अम्बोटस्थित मयाङ्गखोलामा एक करोड ७५ लाख २६ हजार ७६२ रुपैयाँको लागतमा पुल बन्दा फेदीखोला हुँदै पञ्चासे पुग्ने सडकको फेदीखोलास्थित पुललाई दुई करोड ३० लाख ४४ हजार खर्च भएको पूर्वाधार कार्यालयले जनाएको छ ।

आर्थिक वर्ष २०७७/०७८ मा सेतीदोभान हुँदै फापरथुम-चण्डीकालिका जोड्ने सडकको पातीखोलामा दुई करोड ६ लाख ८५ हजार १४९ रुपैयाँमा पुल बनेको छ । गल्याङ-निबुवाखर्क हुँदै सेतिबेनी पुग्ने सडकको मान्केखोलामा एक करोड ३७ लाख एक हजार ५९३ रुपैयाँ र गल्याङ-चापाकोट सडक खण्डको जौदीखोलामा दुई करोड ३९ लाख १७ हजार ८७ रुपैयाँको लागतमा पुल निर्माण भएको पूर्वाधारका इञ्जिनियर शिवजी ढुङ्गानाले जानकारी दिए ।

हेलु-अर्जुनचौपारी हुँदै सिरुबारी जाने सडकमा आर्थिक वर्ष २०७८/७९ मा केवँरेखोलामा एक करोड ९४ लाख ४१ हजार ५० रुपैयाँमा पक्की पुल बनाएको छ । पुल बनेसँगै नेपालकै पहिलो ग्रामीण पर्यटकीय क्षेत्र सिरुबारीको होमस्टे जानआउन सहज भएको छ । सिरुबारीको होम स्टे पुग्न बुटवलतर्फबाट आउने पर्यटकका लागि हेलु-अर्जुनचौपारी सडक छोटो सहज हुने स्थानीयले बताए ।

आर्थिक वर्ष २०७९/८० मा हुँगिघाट-बेलचौर सडकको गौरीघाट खोलामा एक करोड ३३ लाख तीन हजार ६४६ रुपैयाँको लागतमा पक्की पुल बनेको पूर्वाधारका सडक इञ्जिनियर पोषराज पौडेलले बताए । उनका अनुसार पछिल्लो तथ्याङ्कअनुसार आर्थिक वर्ष २०८१/८२ को अन्त्यमा बाडखोला, पौवैगौडे-टक्सार सडक खण्डको पौवैखोलामा एक करोड ८६ लाख ९२ हजारको लागतमा पुल निर्माण भएको छ ।

पछिल्लो ७ वर्षमध्ये आर्थिक वर्ष २०८०/८१ मा जिल्लामा पुल बनेको तथ्याङ्कमा देखिंदैन । कार्यालयका अनुसार उक्त वर्ष पुल बनाउने ठेक्का लागे पनि निर्माण सम्पन्न हुन सकेन् ।

उक्त वर्ष झण्डै १८ करोडको लागतमा चार वटा पक्की पुल ठेक्का लगाए पनि सम्पन्न हुन नसकेको कार्यालयले जनाएको छ । विगत तीन वर्षदेखि निर्माण थालिएका पक्की पुलहरु चालु आर्थिक वर्षमा सम्पन्न हुने कार्यालयले जनाएको छ ।

# राजस्व अनुसन्धान विभाग आवश्यक छैन : अर्थमन्त्री



बुटवल । अर्थमन्त्री रामेश्वर खनालले राजस्व अनुसन्धान विभाग आवश्यक नरहेको बताएका छन् ।

नेपाल चेम्बर अफ कमर्सले आइतबार काठमाडौंमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै उनले यस्तो बताएका हुन् ।

मन्त्री खनालले अमेरिकालगायतका मुलुकहरूको दृष्टान्त दिँदै राजस्वसम्बन्धी केही समस्या भए त्यसलाई समाधान गर्न सोहीसम्बन्धी विभागले नै काम गर्ने व्यवस्था गर्न उपयुक्त हुने स्पष्ट पारे ।

अर्थमन्त्री खनालले भने-'राजस्व अनुसन्धान विभाग अथवा त्यस्तो किसिमको निकाय चाहिँदैन । किनभने जब हामी विश्वास निर्माणमा आधारित प्रणाली निर्माण गर्छौं भने त्यस्तो अरू निकाय आवश्यक हुँदैन । सरकारी, निजी क्षेत्र वा समुदायमा पनि गलत कारोबार गर्ने केही अवश्य पनि हुन्छन् । त्यसलाई कारबाही गर्ने निकाय सम्बन्धित निकायमा नै हुनुपर्छ । केही मुलुकहरूमा भन्सारसम्बन्धी काम त्यसअन्तर्गतकै निकायहरूले हेर्ने गर्दछन् ।'

उनले वर्तमान सरकारसँग काम गर्ने समय करिब साढे ३ महिना मात्रै भएको उल्लेख गर्दै त्यसबिचमा आफूले अर्थतन्त्र सुधारका लागि आवश्यक प्रणालीको विकासमा आफू केन्द्रित हुने जनाए ।

अर्थमन्त्री खनालले आपसी विश्वासमा आधारित प्रणालीको विकास गरेर मात्रै मुलुकको अर्थतन्त्रलाई सबल बनाउन सकिने बताए ।

# १०औं एस.क्यू.सी. सम्मेलन सम्पन्न

बुटवल । क्वेस्ट नेपाल, सिद्धार्थ हबको आयोजना तथा तिलोत्तमा नगरपालिकाको सहयोगमा आइतबार १०औं एस.क्यू.सी. (विद्यार्थी गुणीय चक्र) सम्मेलन सम्पन्न भएको छ । विद्यार्थीहरूको सर्वाङ्गीण विकासको उद्देश्यले तिलोत्तमा-५, मणिग्राम स्थित शान्ति नमूना माध्यमिक विद्यालयमा सम्पन्न गरिएको हो। शैक्षिक महाकुम्भका रूपमा रहेको कार्यक्रममा तिलोत्तमा नगरपालिका र अन्य नगरपालिकाबाट करिब ५०० प्रतियोगी विद्यार्थी तथा करिब २०० अवलोकनकर्ता विद्यार्थीहरूको सहभागिता रहेको थियो । विद्यालय तथा विद्यार्थीहरूमा प्रतिस्पर्धाभन्दा पनि समन्वय र सहकार्यको वातावरण सिर्जना गर्नुपर्छ भन्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको क्वेस्ट नेपालले जनाएको छ।

सिद्धार्थ हबका कोअर्डिनेटर तथा मास्टर ट्रेनर प्रकाश चापागाईंको अध्यक्षतामा भएको कार्यक्रममा बोल्दै तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा प्रस्फुटनका लागि कार्यक्रम निकै प्रभावकारी भएको र यस्ता कार्यक्रममलाई प्राथमिकता दिँदै जाने बताए । अवलोकन गर्ने विद्यार्थीहरूका माध्यमबाट अन्य विद्यालयहरूमा पनि आगामी वर्ष अझ प्रभावकारी रूपमा कार्यक्रम विस्तार गर्न सकिने विश्वास नगरपालिकाले लिएको उनको भनाइ छ। कार्यक्रममा शान्ति नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक कुलप्रसाद लामिछानेले विद्यालय र विद्यार्थीको आत्मीयता अभिवृद्धि तथा सहकार्यका लागि कार्यक्रम निकै फलदायी रहेको उल्लेख गरे । कार्यक्रममा बोल्दै तिलोत्तमा नगरपालिकाका सामाजिक विकास समितिका संयोजक रवि सेन्चुरी, क्वेष्ट नेपालका सल्लाहकार दिपक गौतम, केन्द्रीय सदस्य मिलन भण्डारी, मास्टर ट्रेनर रविराज काफ्लेले यस कार्यक्रमले विद्यार्थीहरूमा आफ्नो समस्या आफैं समाधान गर्ने, समूहमा मिलेर काम गर्ने, समन्वय गर्ने, अनुसन्धान गर्ने तथा २१औं शताब्दीका आवश्यक सामाजिक सीप र व्यक्तित्व विकास गर्ने क्षमताको वृद्धि गर्ने विश्वास व्यक्त गरे।

सम्मेलनमा १२ वटा शैक्षिक कार्यक्रमहरू सञ्चालन गरिएको थियो। यस वर्षको आकर्षणका रूपमा थिममा आधारित प्यानल छलफल र विद्यार्थीहरूले आफैंले समस्या समाधान गरेको प्रमाणका रूपमा तयार पारेका करिब ५० वटा एस.क्यु.सी. केस स्टडी प्रस्तुत गरिएको थियो।

यसका साथै नेतृत्व क्षमता विकास तालिम, हाजिरीजवाफ, ट्रेजर हन्ट, कोडिङ इन पाइथन, भिडियोग्राफी, कोलाज, पुस्तक समीक्षालगायतका कार्यक्रम पनि गराइएको थियो। प्रत्येक समूहमा ४ देखि १० जना सदस्य राखेर विद्यार्थीहरुलाई सहभागी गराइएको थियो।

कार्यक्रममा विभिन्न प्रतिस्पर्धामा उत्कृष्ट नतिजा प्राप्त गर्ने विद्यालय तथा विद्यार्थीहरुलाई पुरस्कृत गरिएको थियो।

# लुम्बिनी प्रदेशका बैंक तथा वित्तीय संस्थाको निक्षेप १५ प्रतिशतले वृद्धि

बुटवल । लुम्बिनी प्रदेशका बैंक तथा वित्तीय संस्थाको निक्षेप १५ प्रतिशतले बढेको छ।

ती संस्थाले यो अवधिमा लगानी गरेको कर्जा भने २.९२ प्रतिशतमात्र रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ।

लुम्बिनीका बैंक तथा वित्तीय संस्थाले २०८२ असार मसान्तमा परिचालन गरेको निक्षेप २०८१ असार मसान्तको तुलनामा १५.४३ प्रतिशत धैरै हो।

उनीहरूको कुल निक्षेप ६ खर्ब ६० अर्ब १० करोड ३२ लाख पुगेको छ। योमध्ये चल्ती निक्षेप ३३.१५, बचत निक्षेप ३५.१२ र अन्य बचत २१.०५ प्रतिशतले बढेको केन्द्रीय बैंकले जनाएको छ। उक्त अविधिमा मुद्दती निक्षेप भने ६.४७ प्रतिशतले वृद्धि भएको छ।

लुम्बिनी प्रदेशका जिल्लाहरूको कुल निक्षेपको अवस्था तुलना गर्दा सबैभन्दा धेरै हिस्सा रुपन्देहीमा ४२.३३ प्रतिशत छ भने सबैभन्दा कम रुकुमपूर्वमा ०.३८ प्रतिशत छ।

२०८२ असार मसान्तसम्म प्रदेशका बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कुल कर्जा २०८१ असार मसान्तको तुलनामा २.९२ प्रतिशतले वृद्धि भई ५ खर्ब ७७ अर्ब २७ करोड ६० लाख पुगेको छ।

त्यसैगरी २०८१ असार मसान्तमा कर्जा/निक्षेप अनुपात ८७.४५ प्रतिशत छ। कुल कर्जाको जिल्लागत अवस्था तुलना गर्दा सबैभन्दा धेरै हिस्सा रुपन्देहीको ५०.४६ र सबैभन्दा कम रुकुमपूर्वको ०.२३ प्रतिशत छ।

त्यस्तै कर्जा/निक्षेप अनुपात सबैभन्दा धेरै बाँकेमा १३३.४९ प्रतिशत छ भने सबैभन्दा कम अर्घाखाँचीमा १४.४१ प्रतिशत छ । २०८२ असार मसान्तमा यस प्रदेशका बैंक तथा वित्तीय संस्थाका ऋणी संख्या २०८१ असार मसान्तको तुलनामा घटेको केन्द्रीय बैंकको अध्ययनले देखाएको छ।

त्यसैगरी लुम्बिनीका बचत तथा ऋण सहकारी संस्थाहरूको कुल पुँजी २.४४ प्रतिशतले घटेको छ भने बचत परिचालन ६.१६ प्रतिशतले बढेको छ। ती संस्थाबाट गरिएको कर्जा प्रवाह २.५० प्रतिशतले वृद्धि भएको छ।

त्यस वर्ष सेवा क्षेत्रमा प्रवाहित कर्जा १.२६ प्रतिशतले गिरावट आएको छ । कुल प्रवाहित सेवा कर्जामा रुपन्देहीको हिस्सा सबैभन्दा धेरै ५३.८० प्रतिशत र रुकुमपूर्वको सबैभन्दा कम ०.१० प्रतिशतमात्र छ।

गत आव लुम्बिनीको कृषि क्षेत्रमा प्रवाहित कर्जा ३.४६ प्रतिशतले ह्रास आएको छ । कृषि कर्जामा रुपन्देहीको हिस्सा सबैभन्दा धेरै ४३.८० प्रतिशत र रुकुमपूर्वको हिस्सा सबैभन्दा कम ०.४० प्रतिशतमात्र छ।

गत आव लुम्बिनीका उद्योगहरूको औसत क्षमता उपयोग ५०.६० प्रतिशत छ । उक्त अवधिमा रोजिन उत्पादन गर्ने उद्योगले सबैभन्दा बढी ८८.६९ प्रतिशत र सबैभन्दा कम ड्राई सिरप उत्पादन गर्ने उद्योगले ८.६४ प्रतिशत क्षमता उपयोग गरेका छन्।

औद्योगिक उत्पादनतर्फ सबैभन्दा बढी सिन्थेटिक कपडा उत्पादन १७०.७७ प्रतिशतले वृद्धि भएको छ। औद्योगिक क्षेत्रमा प्रवाह भएको कर्जा ६.९३ प्रतिशतले बढेको केन्द्रीय बैंकले जनाएको छ।

औद्योगिक क्षेत्रमा प्रवाहित कर्जामध्ये सबैभन्दा बढी कृषि, वन तथा पेय पदार्थ उत्पादनसम्बन्धी उद्योगमा ४३.६३ प्रतिशत र सबैभन्दा कम विद्युत्, ग्यास तथा पानीसम्बन्धी उद्योगमा १ प्रतिशत छ।

गत आव लुम्बिनीमा घरजग्गा रजिस्ट्रेसन संख्या ४२.८२ प्रतिशतले वृद्धि भएको छ। त्यसबाट राजस्व गत वर्षको तुलनामा ५.४५ प्रतिशतले ह्रास भएको छ।

२०८२ असार मसान्तसम्म नारायणघाट–बुटवल सडक आयोजनाको भौतिक प्रगति ६९.०३ प्रतिशत र वित्तीय प्रगति ६५.३४ प्रतिशत भएको छ। सिद्धबाबा सुरुङमार्ग आयोजनाको भौतिक प्रगति ५७.५१ प्रतिशत र वित्तीय प्रगति ५१.१० प्रतिशत भएको छ।

राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोरको भौतिक प्रगति ७९ प्रतिशत र वित्तीय प्रगति ७०.३५ प्रतिशत भएको केन्द्रीय बैंकको अध्ययन प्रतिवेदनमा उल्लेख छ।




हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि) यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com